# शारदा राजपत्र

## शारदा नगरपालिकाद्वारा प्रकाशित

खण्ड:- ६)    संख्या-    मिति:-२०७९/०६/०९

## भाग-२

# शारदा जलश्रोत व्यवस्थापन नियामावली २०७९

**प्रस्तावना :**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन  ऐन, २०७४ दफा ११ को उपदफा २ (ध) वमोजिम स्थानीय तहलाइ जलस्रोत तथा जलाधार, भूसंरक्षण , मुहान सरंक्षण, खानेपानी, सिचाई, साना जलविद्युत , जल उपयोग, एवं प्राकृतिक स्रोतको उपयोग एवं व्यवस्थापन सम्बन्धमा शारदा नगरपालिका भित्रको भु-सतहमा वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग सरंक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्न , एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्न कानून व्यवस्था गर्न वाञ्छनीय भएकोले शारदा नगरपालिकाको जलस्रोत कार्यविधि  नियमित गर्न, २०७९ बमोजिम नगर कार्यपालिकाले शारदा नगरपालिकाको जलस्रोत नियमावली, २०७९ जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम शारदा नगरपालिका जलस्रोत नियमावली, २०७९ रहेको छ ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "जलस्रोत "भन्नाले शारदा नगर क्षेत्रभित्रको भुसतहमा वा भूमिगत वा अन्य जुन सुकै अवस्थमा रहेको पानी सम्झनुपर्छ ।

(ख) "लाभदायिक उपयोग" भन्नाले साधन र स्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) "अनुमति प्राप्त व्यक्ति" भन्नाले नियमावलीको दफा १५, १७ र २० वमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठन संस्था सम्झनुपर्छ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले दफा ४ बमोजिम गठित जल उपभोक्ता संस्था वा समिति सम्झनुपर्छ ।

(ङ) "नगर जलस्रोत समिति" भन्नाले दफा ३२ वमोजिमको नगर जलस्रोत समिति सम्झनुपर्छ ।

(च) "अनुमतिपत्र" भन्नाले दफा १५, १७ र २० बमोजिम दिईने अनुमति पत्र सम्झनुपर्छ ।

(छ) "सर्भेक्षण भन्नाले जलस्रोतको उपयोगका लागि गरिने सम्भाव्यता अध्ययन विस्तृत ईञ्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसकालागि गरिने अन्वेषणको कार्य समेत सम्झनुपर्छ ।

(ज) "उपभोक्ता" भन्नाले "जलस्रोत समिति" सम्बन्धित सवो उपयोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

(झ) "सेवाशुल्क" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिका वा अनुमति पत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बझाउनु पर्ने शुल्क सम्झनु पर्छ ।

(ञ) "नगरपालिका" भन्नाले शारदा नगरपालिका सम्झनुपर्छ ।

(ट) "नगर कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ठ) एम वास यूनिट भन्नाले नगरपालिका अर्न्तगत खानेपानी, सरसफाई स्वच्छता इकाई भन्ने सम्झनुपर्छ ।

(ड) "प्रमखु" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ढ) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुख सम्झनुपर्छ ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत "भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

## परिच्छेद २

## जलस्रोत स्वामित्व सम्बन्धी व्यवस्था

**३. जलस्रोत स्वामित्वः** (१) शारदा नगरपालिका भित्र रहेको जलस्रोतको स्वामित्व नगरपालिकामा निहित रहनेछ ।

(२) प्रचलित संघीय, प्रदेश तथा नगरपालिकाको कानून बमोजिम नगरपालिकाको जलस्रोतको उपयोग तथा व्यवस्थापन गर्ने अधिकार नगरपालिकामा रहनेछ ।

## परिच्छेद ३

## उपभोक्ता सम्बन्धी व्यवस्था

**४. जल उपभोक्ता सस्थाको गठनः** (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई नगर जलस्रोत समिति समक्ष दर्ता गराउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,

(ख) संस्थाको विधान एक प्रति,

(ग) अनुसूची (१) बमोजिमको निवेदन,

(घ) आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर,

**५. उपभोक्ता संस्थाको दर्ताको लागि दरखास्त दिनुपर्नेः** नियम ४ को (३) बमोजिम उपभोक्ता संस्था/समिति गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्ये कम्तिमा सात जना वा बढिमा १३ जना सम्मका उपभोक्ताहरुले अनुसूची १ वमोजिमको ढाचाँमा उपभोक्ता सस्था/समितिको एक प्रति विधान र तोकिएको दस्तुर सहित नगर जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ । उपभोक्ता संस्था/समिति गठन गर्दा लैडिक तथा समावेशिकरणमा (दलित, जनजाति तथा विपन्न वर्ग) ध्यान दिनुपर्ने छ । कम्तिमा ३३ प्रतिशत महिला र कम्तिमा १ जना महिला मुख्या पदमा हुनुपर्नेछ ।

**६. विधानमा खुलाउनुपर्ने विवरणहरुः** नियम ४ वमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनुपर्नेछ ।

(क) पूरा नाम ठेगाना :

(ख) उद्देश्य तथा कार्यक्षेत्र :

(ग) सदस्यको लागि योग्यता तथा सदस्यता शुल्क :

(घ) सदस्यको निस्काशन राजीनामा :

(ङ) हकदावी नामासारी वा हकवालाको मनोनयन :

(च) साधारण सभा सम्बन्धी व्यवस्था :

(छ) सञ्चालक समिति गठन निर्वाचन काम अधिकार सम्बन्धि :

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था :

(झ) संचालक समितिको वैठक सम्बन्ध कार्यविधि :

(ञ) कोष तथा लेखापरीक्षण :

(ट) विघटन संशोधन :

(त) विविध :

**७. उपभोक्ता संस्था संगठित संस्था हुने:**

(१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सवै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न वेच विखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता सस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**८. दर्ता र प्रमाणपत्र:** नियम ५ वमोजिम पर्न आएको दरखास्त उपर नगर जलस्रोत समितिले आवश्य जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची (२) वमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनपर्नेछ ।

(२) उपनियम (१) वमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा नगर जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले पैतीस दिनभित्र सो कुराको सूचना दिनुपर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून वमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै नियमावली वमोजिम दर्ता भएको मानिनेछन् ।

**९. विधान संशोधन:** (१) उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधानको प्रकृया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा नगर जलस्रोत समितिमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम विधान संशोधन सम्बन्धमा नगर जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी विधानलाई संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद ४

## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

**१०. जलस्रोत उपयोग:** (१) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउनेछैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोत कुनै पनि व्यक्तिको जग्गामा परेको खण्डमा सो व्यक्तिगत प्रयोजनकालागि आवश्यक पर्ने जलस्रोत सो व्यक्तिलाई छाड्न अनुमति लिनुपर्ने छैन । अनुमति लिन चाहेमा यस नियमले वाधा पुर्याएको मानिनेछैन ।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा  आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेल उद्द्योगको रुपमा पानीघट्ट

(घ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सिमित रहेको जलस्रोत तोकए बमोजिम उपयोग गर्न,

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संङ्गठित सस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**११. __जलस्रोत उपयोगको प्राथमिकता कमः__** (१) जलस्रोत उपयोग गर्दा साधारणतया देहाय बमोजिम प्राथमिकता क्रम अनुसार गर्नुपर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्द्योग औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोग

(च) मनोरन्जनात्मक (आमोद प्रमोदजन्य) उपयोग,

(छ) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न  भएमा जलस्रोत उपयोग जाँचवुझ समितिले  उपनियम (१) को प्राथमिकता क्रम दफा १० को उपनियम (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्य जाँचबझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

(४) उपनियम (२) बमोजिम जलस्रोत उपयोग जाँचवुझ समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि नियम ४३ (३) मा तोकिए बमोजिम हुनेछ ।

**१२. __अनुमति पत्रको व्यवस्था :__** (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न  चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक प्राविधिक र वातावरणीय अध्ययन प्रतिवदेन तथा तोकिए बमोजिमको विवरणहरु खुलाई नगर जलस्रोत समिति समक्ष अनुमति पत्रको लागि दरखास्त दिनुपर्नेछ तर जलस्रोतको सर्वेक्षण र नियम १० को (२) बमोजिम उपयोगका लागि अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन ।

(२) उपनियम (१) बमोजिम परेको दरखास्तमा नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिन भित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा १२० दिन भित्र तोकिए बमोजिमको ढाँचमा आवश्यक शर्तहरु तोकि नियम ११ को उपनियम १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनुपर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकालाई तोकिक बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विकि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा नगर जलस्रोत समितिबाट तोकिए वमोजिम स्वीकृति लिनुपर्नेछ ।

१३. **जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने:** (१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची–३ बमोजिम ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विववरणहरु खुलाइ नगर जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फारम दिनुपर्ने छ ।

(क) परियोजना को विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभावान्धित हुने उपभोक्ताहरुको सख्या र किसिम,

(ङ) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र सञ्चालनको लागि समेत) ,

(छ)मुहान रहेको क्षेत्रको चार किल्ला तथा अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिंदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनसूची ८ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत बुझाउनु पर्नेछ ।

**१४. दरखास्त उपर जाँचबुझ :** (१) नियम १३ बमोजिम दरखास्त परेपछि नियमावली बमोजिम दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा नगर जलस्रोत समितिले आवश्यक जाँचवुझ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुर्न कागजात विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात विवरण वा माफिकको म्याद तोकी दरखास्त परेको पन्ध्र दिनभित्र सूचना दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न नगर जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिले त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै नियमावलीको नियम १३ को उपनियम (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**१५. सर्वेक्षण अनुमतिपत्र दिने :** नियम १३ बमोजिम परेको दरखास्त उपर नियम १४ बमोजिम नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुशूची (४) बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनुपर्नेछ ।

**१६. सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्ने:** नियम १५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन नगर जलस्रोत समिति समक्ष पेश गर्नुपर्नेछ ।

**१७. जलस्रोत उपयोग अनुमति :** (१) जलस्रोतको उपयोग, गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची (५) बमोजिमको ढाचाँमा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरु खुलाई नगर जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनुपर्नेछ ।

(क) परियोनाको विस्तृत विवरण परियोजना स्थलको नक्शाको उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय र लागत परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाको सञ्चालकहरुको नाम थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।

(ख) सम्भाव्यताको विश्लेषण परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण ।

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था परियोजनाका लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पुँजी र ऋणको प्रतिशत) ।

(घ) घर जग्गाको उपयोग वा प्राप्ति परियोजनाको निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रेफल र जग्गाधनीहरुको लगत ।

(ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु, तथा जलस्रोतमा रहने जलचर एंव जंल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना, सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रको व्यक्तिहरुले पाउने लाभ, निमाण तथा सञ्चालन संम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजहरु सञ्चालनबाट सम्बन्धित जग्गा धनीहलाई पर्न सक्ने असर विस्थापित जनसंख्याको लगत र तिनीहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ) ।

(च) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएता पनि नियम १० को (२) बमोजिमको प्रयोजनका लागि उपनियम १ को (ग), (घ), (ङ) बमोजिमको विवरण पेश गर्न अनिवार्य हुनेछैन ।

**१८. <u>दरखास्त उपर जाँचबुझ :</u>** (१) नियम १७ बमोजिम दरखास्त प्राप्त भएपछि निर्देशिका बमोजिम दरखास्तसाथ पेश गनुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात विवरण नपुगेमा नगर जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न नगर जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै नियमावलीको को उपनियम (२) प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**१९. <u>सार्वजनिक सूचना प्रकाशित गनुपर्ने:</u>** (१) नियम १७ बमोजिम जलस्रोतको उपयोग अनुमतिपत्रको लागि दरखास्त परेपछि नगर जलस्रोत समितिले नियम १८ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाइ सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसँग सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाइ सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित नगर जलस्रोत समिति समक्ष जोसुकैले पनि जानकारी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी नगर जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमतिपत्र दिँदा तोकी दिनेछ ।

**२०. <u>अनुमतिपत्र दिने</u> :** नियम १७ बमोजिमको दरखास्त उपर नियम १९ बमोजिमको कार्यविधि पूरा गरी गराई नगर जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची ६ बमोजिम ढाँचामा दरखास्तावालालाई जलस्रोत उपयोग सम्बन्धी अनुमति पत्र दिनुपर्नेछ ।

२१. **सर्वेक्षणको अनुमति पत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चलन गर्न अनुमतिपत्र प्रदान गर्ने:**

(१) नियम १५ बमोजिम सर्वेक्षणको अनुमति प्राप्त व्यक्तिले आफूले गरेको सर्वेक्षण बमोजिम जलस्रोत उपयोग सम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षण कार्य पूरा गर्नुपर्ने म्याद भित्रै नियम १७ बमोजिमका विवरणहरु खुलाइ दरखास्त दिएमा यस निर्देशिकाको अन्य व्यवस्थाहरुको अधीनमा रही दरखास्तवालालाई प्राथमिकताकासाथ नियम २० बमोजिम जलस्रोत उपयोगको अनुमति पत्र दिन सकिनेछ ।

२२. **जलस्रोत माथि अधिकार कायम हुने:** यस नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिम कामको लागि सोही अनुमति पत्रमा तोकिएको स्थान र क्षेत्रसम्म जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

२३. **कार्य शुरु गर्नुपर्ने अवधि :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिना भित्र र जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालनको हकमा एक वर्ष भित्र भौतिक रुपमा कार्य शूरु गरी सोको जानकारी सम्बन्धित नगर जलस्रोत समितिलाई दिनु पर्नेछ ।

तर म्यादभित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा नगर जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य सुरु भएपछि प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सर्वेक्षण वा निर्माण कार्य सम्पन नभए सम्म नगर जलस्रोत समिति समक्ष पठाउनुपर्नेछ ।

२४. **नयाँ अनुमतिपत्र लिनुपर्ने :** (१) नियमावली प्रारम्भ हुनु अगावै देखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि नियम १७ मा उल्लेखित विवरणहरु खुलाइ नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र नगर जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाइ अनुसूची (७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

२५. **अनुमतिपत्र दस्तुर:** यो नियमावली बमोजिमको जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची (८) मा तोकिए बमोजिमको अनुमतिपत्र दरखास्त बुझाउनु पर्नेछ ।

२६. **अनुमतिपत्र नवीकरण गर्ने :** (१) यो नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा नवीकरण दस्तुर लाग्नेछ । यसरी नविकरण गर्दा लेखापरिक्षण को प्रतिवेदन , सधारणसभा वा समितिको वैठकको निर्णयको प्रतिलिपि सहित अनुसूचि (११) वमोजिम फारम भरेर पेश गर्नुपर्नेछ ।

(२) प्रत्येक बर्ष अनुमतिपत्र नवीकरण गराउँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार नभएमा अनसुची ( ८ मा तोकिएको दस्तुरको १० प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

(३) नविकरण नगर्ने उपभोक्त संस्था /समितिलाई नियम अनुशार दण्ड जरिवाना सुल्क जलस्रोत समितिले तोक्न सकिनेछ ।

२७. **अनुमतिपत्र विक्र वा हस्तान्तरण गर्न स्वीकृत लिनपर्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्र गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा सम्बन्धित नगर जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर नगर जलस्रोत समितिले आवश्य जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित सस्थाको नाममा विक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२८. **जलविद्युतको लागि जलस्रोतको उपयोग:** (१) नियम ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत उत्पादनको गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) जलविद्युत उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य व्यवस्था यस नियमावली वमोजिम हुनेछन् ।

**२९. सिंचाईको लागि जलस्रोत उपयोग :** (१) नियम ११ मा जुनसुकै कुरा लखिएको भए तापनि सिंचाई गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) सिंचाई गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य व्यवस्था यस नियमावली वमोजिम हुनेछन् ।

**३०. नगरपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने:** (१) नगरपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्न यस ऐनको कुनै व्यवस्थाले बाधा पुयाएको मानिने छैन ।

(२) कसैले यस ऐन वमोजिम उपयोग गरेको जलस्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना सार्वजनिक उपयोगका नगरपालिकाले आफूले लिई विकास गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोग गर्दा सम्बन्धित जग्गा भवन वा संरचना वापत नगरपालिकाले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूति दिनेछ ।

(४) उपनियम (३) बमोजिम दिईने क्षतिपुर्तिको रकम उपनियम (२) बमोजिम नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाले लिएको जग्गा भवन उपकरण तथा संरचनाको वर्तमान मूल्य त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाई को आधारमा निर्धारित गरनेछ ।

**३१. नगर जलस्रोत समितिको गठन :** (१) नगर भित्र रहेको जलस्रोतको उपयोगको लागि नियमावली को नियम ४ को उपनियम (१) बमोजिम अनमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि नगरपालिकामा देहाय बमोजिम नगर जलस्रोत समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | अध्यक्ष |
| (ख) | योजना शाखा | सदस्य |
| (ग) | विपद व्यवस्थापन शाखा | सदस्य |
| (घ) | कृषि शाखा | सदस्य |
| (ङ) | पशु शाखा | सदस्य |
| (च) | प्राविधिक शाखा | सदस्य |
| (छ) | स्वास्थ्य शाखा | सदस्य |
| (ज) | एम वास यूनिट फोकल पर्सन | सदस्य |
| (झ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**३२. नगर जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) नगर जलस्रोत समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता नगर जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा नगर जलस्रोत समितिको सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(३) नगर जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) नगर जलस्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाइ सदस्यहरुको मतलाई नगर जलस्रोत समितिको निर्णय मानिनेछ ।

(५) नगर जलस्रोत समितिको निर्णय नगर जलस्रोत समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) नगर जलस्रोत समितिको बठैक सम्बन्धी अन्य कार्यविधि नगर जलस्रोत समिति आफ्ले निर्धारण गरे बमोजिम हुनेछ ।

**३३. नगर जलस्रोत समितिको सचिवालयः** नगर जलस्रोत समितिको सचिवालय प्रमुख प्रशासकीय अधिकृतको कार्यालयमा रहनेछ ।

**३४. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः** (१) नगरपालिकाले नियम ११ को उपनियम (१) वा (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोनाको निर्माण समाप्त भइसकेपछि आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफूले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

**३५. जलस्रोतको उपयोगको लागि करार गर्न सक्नेः** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी सङ्गठित संस्था वा व्यक्तिसित प्रचलित कानूनको अधीनमा रही करार गरी सोही करारमा उल्लेखिति शर्तहरु बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

**३६. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुर उपर गर्न पाउनेः** (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले आँफूले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुर उपर गर्न सक्नेछ ।

(२) नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची ९ मा तोकिए बमोजिम असूलउपर गर्न सक्नेछ ।

**३७. सेवा रोक्न सक्नेः** सेवा उपभोग गरेवापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

**३८. अरूको घरजग्गामा प्रवेश गर्न सक्नेः** नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नु परेमा नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपुर्ति दिनुपर्नेछ । तर कुनै घरजग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरुपयोग गरीरहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना विना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

**३९. जलस्रोतको उपयोगसंगं सम्बन्धित संरचनाको सुरक्षाः** (१) जलस्रोत उपयोगितासँगं सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं व्यक्तिले आवश्यक ठानेमा नगरपालिकाले सुरक्षा प्रवन्ध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्तिले व्यहोर्ने छ ।

**४०. जलस्रोत प्रदुषित गर्न नहुनेः** (१) नगरपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको प्रदुषण सहन सिमा तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको जलस्रोतको प्रदुषण सहन सीमा नाघ्ने गरी कसैलाई पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोत दुषित गर्न हुदैन ।

(३) जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा नियम ४० को उपनियम (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकीएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

**४१. वातावरणमा उल्लेखनिय प्रतिकुल असर पार्न नहुनेः**

(१) जलस्रोतको उपयोग गर्दा भू क्षय हुने, बाढी पहिरो ,वनविनास , वन डडेलो वा यस्तै अरु कारणद्वारा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी गर्नुपर्नेछ ।

(२) कुनै पनि जल उपयोग कर्ताले प्रयोग गर्न लगिएको जलस्रोतको सत प्रतिशत पानी उपभोग गर्न पाउँदैन् । त्यस जलस्रोतमा निर्वाह गरिरहेका जलचर र जैविक प्राणीहरु (जनावर तथा वोटविरुवा) लाई आवश्यक पर्ने पानी कम्तिमा १० प्रतिशत छोड्नु पर्नेछ ।

**४२. अनुमति खारेज गर्न सकिनेः** (१) अनुमति प्राप्त व्यक्तिले यो नियमावली वा नियमावली अन्तर्गत बनेका अन्य कार्यविधि, निर्देशिका विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र अनुमति प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमति खारेज गर्न अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई मनासिव सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(४) कुनै जलस्रोत प्रदुषित भए नभएको , वातावरण प्रतिकुल वा कुनै जलस्रोतको उपयोगको सम्बन्धमा ऐनको दफा ४० उपनियम (१) बमोजिम गुणस्तर भए नभएको परिक्षण गर्ने गराउने अधिकार नगर जलस्रोत समितिले तोकेको अधिकारीलाई हुनेछ ।

(५) उपनियम (१), (२) र (३) बमोजिम सजाय गर्ने अधिकार नगर जलस्रोत समिति वा समितिले तोकेको अधिकारीलाई हुनेछ

## परिच्छेद ४

## जलस्रोत उपयोगको विवाद सम्बन्धी जाँचबुझ

**४३. जलस्रोत उपयोग जाँचबुझ समितिः** (१) जलश्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहाय बमोजिमको एक जलश्रोत उपयोग तथा जाँचबुझ समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर उप-प्रमुख | संयोजक |
| (ख) सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको सदस्य | सदस्य |
| (ग) प्रतिनिधी प्रशासन शाखा | सदस्य |
| (घ) प्रतिनिधी विपद व्यवस्थापन शाखा | सदस्य |
| (ङ) प्राविधिक शाखा | सदस्य |
| (च) नापी शाखा | सदस्य |
| (छ) प्रतिनिधि एम.वासको यूनिट | सदस्य सचिब |

(२) दुई वा दुई भन्दा बढी वडाहरुवीच जलस्रोतको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा उपनियम (१) को (ख) बमोजिम विवादसंग सम्बन्धित प्रत्यक वडा समितिको १/१ जना प्रतिनिधी रहनेछन् ।

(३) उपनियम (१) बमोजिमको जलस्रोत उपयोग जाँचबुझ समितिले जलस्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा छुट्टै कार्यविधि तर्जुमा नभएसम्म विवादको निरुपण गर्दा देहायको कार्यविधि अपनाउनेछ ।

(क) जलस्रोत उपयोगबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरु बाहेक जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धी कुनै परियोजना संचालनबाट स्थानीय व्यक्तिहरुलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित अनुमति प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरुलाई छुट्टा छुट्टै वा सामुहिक रुपमा आफ्नो दावी पुष्टयाई हुने तथ्यहरु उल्लेख गरी जानकारी पेश गर्न मनासिव माफिकको म्याद तोकिदिनुपर्ने छ ।

(ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजना स्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतयाः देहायको विषयमा जानकारी लिनुपर्नेछ ।

(अ) परियोजनाको कुल खर्च

(आ) परियोजनाबाट हुने फाईदाको स्तर

(इ) आयोजना संचालन गर्दा सम्बन्धित जलस्रोत उपयोग गरिरहेका व्यक्ति वा समुहलाई पर्न सक्ने असर

(ई) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या

(उ) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव

(ऊ) स्थानीय जनताको आवश्यकता

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको प्रतिक्रिया

(ऐ) अन्य आवश्यक कुराहरु

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरुमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोत लाभदायक उपयोग भए नभएको र सो जलस्रोत पाउने नपाउने कुराको निर्धारण गर्नु पर्नेछ ।

(घ) उपनियम (३) को खण्ड (ग) बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जाँचबुझ समितिले शर्तहरु समेत तोक्न सक्नेछ ।

## परिच्छेद ५

## सेवा शुल्क सम्बन्धी

**४४. वार्षिक शुल्कः** अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलव्ध गराए वापत नगरपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची ९ मा तोकिए बमोजिम हुनेछ ।

**४५. सेवा शुल्क निर्धारण समितिः** (१) नगरपालिकाले गरेको जलस्रोत उपयोगको सेवा शुल्क निर्धारण गर्न, निर्धारित समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्तालाई अतिरिक्त शुल्कको दर निर्धारण गर्न देहाय बमोजिमको सेवा शुल्क निर्धारण समिति रहनेछ । समितिले निधारण गरेको शुल्क प्रत्येक आ.व.मा आर्थिक ऐनमा समावेश भई पारीत भएपछी मात्रैलागु हुनेछ ।

| | |
|---|---|
| (क) नगर उप प्रमुख | संयोजक |
| (ख) नगरपालिकाको सम्बन्धित शाखा हेर्ने कर्मचार | सदस्य |
| (ग) योजना शाखा | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) राजस्व शाखा | सदस्य सचिव |

(२) सेवा शुल्क निर्धारण समितिको बठैक सम्बन्धी कार्यविधि समितिले स्वयं निर्धारण गर्न सक्ने छ ।

(३) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क तेक्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको प्रकृति, उपभोक्ता मुल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

**४६. सेवा शुल्क बुझाउनु पर्नेः** जलस्रोतको उपयोगबाट उपलव्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरेवापत नियम ४५ को उपनियम ३ बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ ।

## परिच्छेद ६

## घरजग्गा प्राप्ति तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

**४७. निवेदन दिनुपर्ने :** नियमावलीको नियम १० को उपनियम (१) बमोजिम जलस्रोत उपयोगको लागि कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिका समक्ष अनुसूची १० बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

**४८. परियोजना स्थल वरीपरीको जग्गा प्रयोग गर्न निषेध गर्न सक्नेः** (१) ऐनको नियम १० को उपनियम (३) को प्रयोजनको लागि नगरपालिकाले जलस्रोतको उपयोग सम्बन्धी परियोजनाको किसिम, बनोट, क्षमता, आदि कुराहरुलाई ध्यानमा राखि त्यस्तो परियोजना क्षेत्रभित्रका घर जग्गा कुनै खास कामको लागि कसैले प्रयोग गर्न नपाउने गरी निश्चित दुरी तोकी निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको सूचना नगरपालिकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धित परियोजना क्षेत्रको मुख्य मुख्य ठाउँ, परियोजना कार्यालय, सम्बन्धित वडा वा नगरपालिका लगायत अन्य सम्बन्धित कार्यालयमा समेत टाँस्न लगाउनु पर्नेछ ।

**४९. क्षतिपूर्ति दिइनेः** (१) नियम ४७ बमोजिम घरजग्गा प्रयोग निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई भएको हानी नेक्सानी वापत दिइने क्षतिपुर्तिको रकम नियम ५० को उपनियम (१) बमोजिम गठित क्षतिपुर्ति निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) घरजग्गाको प्रयोगमा थप बन्देज लगाउनुपर्ने अवस्था परेमा बाहेक उपनियम (१) बमोजिम दिइने क्षतिपुर्तिको रकम सम्बन्धित व्यक्तिलाई एकैपटक मात्र दिइनेछ ।

**५०.क्षतिपुर्ति निर्धारण तथा अनुगमन मुल्याङ्कण समितिः** (१) नियमावलीको नियम ४९ को उपनियम (१) बमोजिम क्षतिपुर्तिको रकम निर्धारण गर्न देहाय बमोजिमको क्षतिपुर्ति निर्धानण समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर उप प्रमुख | संयोजक |
| (ख) जलस्रोत उपयोग परियोजनासंग सम्बन्धित कार्यालयको प्रतिनिधी | सदस्य |
| (ग) नगरपालिकाले तोकेको जलस्रोत विज्ञ | सदस्य |
| (घ) हानी नोक्सानी भएको सम्पत्तीको धनी वा निजको प्रतिनिधी | सदस्य |
| (ङ) प्राबिधिक शाखा प्रतिनिधी | सदस्य |
| (च) क्षति भएको वडाको वडाध्यक्ष वा निजले तोकेको प्रतिनिधी | सदस्य |
| (छ) प्राबिधिक शाखा | सदस्य सचिब |

(२) उपनियम (१) बमोजिमको क्षतिपुर्ति निर्धारण समितिले क्षतिपुर्तिको रकम निर्धारण गर्दा प्रत्यक्ष रुपमा वास्तविक हानी नोक्सानीको मूल्यांकन गरी निर्धारण गर्नुपर्नेछ ।

(३) क्षतिपुर्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ७

## विविध

**५१. सहयोग पर्याउनु पर्ने :** आफ्नो कार्यसम्पादनको सिलसिलामा नगर जलस्रोत समितिले जलस्रोतसंग सम्बन्धित निकायबाट आवश्यकता अनुसारका तथ्यांकहरु माग गर्न सक्नेछ र माग भएका तथ्यांकहरु उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**५२. दुर्घटनाको सूचनाः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा नगर जलस्रोत समितिलाई तुरुन्त सूचना दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाको कारण पत्ता लगाउन नगर जलस्रोत समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहरिन अपनाउनुपर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमति प्राप्त व्यक्तिले आदेश पालना गर्नु सम्बन्धित अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

**५३. नगरपालिकाले निर्देशन दिने सक्नेः** नगरपालिकाले जलस्रोतको उपयोग सम्बन्धमा नगर जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु नगर जलस्रोत समितिको कर्तव्य हुनेछ ।

**५४. दण्ड सजायः** (१) कसैले यो नियमावली वा यस अन्तर्गत बनेका अन्य कार्यविधि वा निर्देशिकाको उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपुर्ति भराई दिन सक्नेछ ।

(२) कसैले यस नियमावली बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपयाँ सम्म वरिवाना र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस नियमावली बमोजिम विकास गरिएका जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असूल गरी निजलाई बिगो बमोजिमको जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुर्याएमा वा त्यस्तो कुनै काम

कुराको दुरुत्साहन  दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नेक्सानीको बिगो असुल गरी निजलाई प्रचलित कानून बमोजिम जरिवाना, कैद वा दुवै सजाय हुनेछ ।

**५५. पुनरावेदन:** नियम ५४ बमोजिम दिएको क्षतिपुतिको रकममा वा नियम ४२ बमोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेकोमा वा नियम ५४ को उपनियम (१), (२) वा (३) बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नवुझ्ने व्यक्तिले पैतिस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**५६. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:** नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी यस  नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

**५७. अरूको घर जग्गाको उपयोग वा प्राप्त:** (१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घर  जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति पत्र प्राप्त व्यक्तिले नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

क. बाँध वा तट्बन्ध बाँध्न

ख. नहर, कुलो वा सुरुङ खन्न

ग. जमिन मुनि वा माथि पानीको ट्याङ्की बनाउन वा पाइप लाईन विछ्याउन,

घ. पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न

ङ. जलस्रोतको विकाससंग सम्बन्धित आवश्यक निर्माण कार्य  गर्न

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी  प्रचलित कानून बमोजिम संगठीत संस्थालाई सरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराईदिन सक्नेछ ।

**५८. कार्यविधि वा निर्देशिका बनाउन सकने:** नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि देहायका क्षेत्रमा कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सकिनेछ ।

(क) खानेपानी, सिंचाई, जल यातायात, औद्योगिक उपयोग, आमोद प्रमोद सम्बन्धी उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग,

(ख) जलस्रोत संरक्षण, बाढी नियन्त्रण, पिहरो रोकथाम,

(ग) वातावरण संरक्षण,

(घ) जलस्रोत उपयोग गरे वापत नगरपालिकालाई बुझाउनु पर्ने शुल्क, दस्तुर सम्बन्धी,

(ङ) जलस्रोत उपयोगका विभिन्न तरिकाहरु,

(च) जलस्रोतको प्रदुषण रोक्ने विषयहरु,

(छ) जलस्रोत उपयोग सम्बन्धी सेवाको स्तर निर्धारण,

(ज) जलस्रोत उपयोगबाट हुन सक्ने दुघटना र त्यसको  जाँचबुझ तथा क्षतिपुर्ति,

(झ) उपभोक्ता संस्था, समिति र उपभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथै उपभोक्ताहरुको  हित संरक्षण र सुविधा दिने विषयहरु

(ञ) जलस्रोतको विकास तथा उपयोग सम्बन्धी अन्य कुराहरु

**५९. <u>अधिकार संसोधन गर्नसकिने</u> :** समय परिस्थिति तथा आवश्यकता अनुशार यस विनियावलिमा छुटफुट भएका नितिनियमहरु नगरपरिषदको वैठकबाट अनुमोदन गरि संसोधन गर्ने अधिकार नगर जलस्रोत समितिमा सुरक्षित रहनेछ ।

**६०. <u>खारेजी तथा बचाउ</u> :** यो नियमावलीका कुनै नियम, उपनियम वा खण्ड प्रचलित संघीय तथा प्रादेशिक कानूनसंग बाफिएको खण्डमा स्वत : खारेज हुनेछन भने नियमावली प्रारम्भ हुनभन्दा अघिका कानून बमोजिम गरिएका कामकारवाही यसै नियमावली अनुसार भए गरेको मानिनेछ ।

## अनसूची –१

(नियम ५ सँग सम्बन्धित)

निवेदन पत्रको ढाँचा

श्री अध्यक्ष ज्यु,

जलस्रोत समिती शारदा नगरपालिका, खलंगा सल्यान ।

हामीले ..............................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले शारदा नगरपालिकाको जलस्रोत नियमावली २०७९ को नियम ५ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाइ प्रस्ताविक उपभोक्ता सस्थाको एक प्रति विधान र एक हजार दस्तुर सहित दरखास्त दिएका छौं ।

विववरण:

१.उपभोक्ता समितिको नाम:

२. कार्यक्षेत्र:

३. उद्देश्य:

(क)

(ख)

(ग)

| ४. सदस्यहरुको नाम: | ठेगाना | पेशा |
| --- | --- | --- |
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |
| (ङ) | | |
| (च) | | |
| (छ) | | |

५. उपयोग गरिने जलस्रोत विवरण :

(क) जलस्रोतको नाम (चार किल्ला सहित) भएको ठाँउ :

(ख) जलस्रोत बाट गरिने प्रयोग :

(ग) उपभोक्ता सस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिणाम :

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग :

६. उपभोक्ता सस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण

(क) सेवाको किसिम :

(ख) सेवा पुऱ्याउने क्षेत्र :

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याा :

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

७. आर्थिक स्रोतको विवरण :

८. कार्यालयको ठेगाना :

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट निवेदन दिनेको

सही:

नाम:

पद:

ठेगाना

मिति:

:

**अनुसूची - २**

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

शारदा नगरपालिका जलस्रोत समिति

खलंगा, सल्यान

दर्ता नम्बरः मितिः

<u>मुहान तथा उपभोक्ता संस्था दर्ता प्रमाणपत्र</u>

श्री..........................

............................

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ को उपदफा २ (ध) बमोजिम शारदा नगरपालिका नगर स्तरिय जल स्रोत व्यवस्थापन नियमावली,२०७९ को दफा ८ को उपदफा (१) बमोजिम "........................... तथा सरसफाइ उपभोक्ता संस्था" लाई शारदा नगरपालिका ............ स्थित .............................. उक्त संस्थाको नाममा दर्ता गरि खानेपानी तथा सरसफाइ कार्य संचालन गर्ने गराउने प्रयोजनको लागि यस कार्यालयमा दर्ता तथा अभिलेख राखि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ................................ | .................. | ............... |
| खानेपानी तथा सरसफाई शाखा | प्राविधिक शाखा | प्रमाणित गर्ने |

## अनुसूची -३

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित )

जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त

मितिः..................

श्री अध्यक्ष ज्यु,

शारदा नगरपालिका जलस्रोत समिति, खलंगा,सल्यान ।

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमति पत्रपाउन शारदा नगरपालिकाको जलस्रोत नियमावली, २०७६ को नियम १३ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. उद्देश्य :

३. सर्वेक्षण गर्ने क्षेत्र :

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.:

(पुष्ट्याइ विवरण संलग्न गर्नुपर्नेछ )

५. सर्वेक्षण गर्ने अवधि :

६. अन्य विवरणहरु : (शारदा नगरपालिकाको जलस्रोत नियमावली, २०७६ को नियम १३ बमोजिम)

७. माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानून बमोजिम सहूँला बुझाउला ।

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको

तर्फबाट दरखास्त दिनेको

सहीः

नाम,थरः

पद :

ठेगानाः

## अनुसूची -४

(नियम १५ सँग सम्बन्धित)

शारदा नगरपालिका

खलंगा , सल्यान

जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र

अनुमति पत्र संख्याः

मितिः..............

श्री..................................

.....................................

महाशय,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोलि शारदा नगरपालिकाको जलस्रोत नियमावली, २०७६ को नियम १५ बमोजिम यो अनमति पत्र प्रदान गररएको छ।

१. व्यक्ति वा संगठित सस्थाको पुरा ठेगानाः

२. जलस्रोत सर्वेक्षणको उद्देश्य :

३. जलस्रोत सर्वेक्षणको क्षेत्र :

४. सर्वेक्षण गर्ने अवधि :

५. अनुमति पत्र बहाल रहने अवधि :

**अनुमतिपत्र दिने अधिकारीको**
सही

पदः

नामः

**अनुसूची - ५**

(नियम १७ सँग सम्बन्धित)

जलस्रोत उपयोग अनुमति पत्रको लागि दरखास्त

मिति :............

श्री अध्यक्ष ज्यु,

शारदा नगरपालिका, जलस्रोत समिति

खलंगा,सल्यान ।

जलस्रोत उपयोगको निमित्त अनुमति पाउन जलस्रोत नियमावली, २०७६ को नियम १७ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा सांगठनिक संस्थाको नाम र ठेगाना :

२. उद्देश्य :

३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गन प्रयोजन :

४. प्रस्तावित जलस्रोतको मुहान रहेको (चार किल्ला) र उपयोग गर्ने ठाउँ :

५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफल :

६. प्रस्तावित उपभोगबाट हुनसक्ने सम्भावित लाभः

७. प्रस्तावित सेवाबाट लाभान्वित हुनेसक्ने उपभोक्ता संख्या :

८. जलस्रोत उपयोगका लागि लाग्ने अनुमानित रकम र सोको स्रोत :

१०. जलस्रोत उपयोग गर्ने तरिका :

११. जलस्रोतको हालभएको उपयोग र भविष्यमा हुनसक्ने उपयोग :

११. अन्य विवरण

माथि उल्लखित व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानुन बमोजिम सहूँला बुझाउला ।

सगंठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको
तर्फबाट दरखास्त दिनेको

सहि

नाम,थरः

पदः

ठेगानाः

**अनुसूची -६**

(नियम २० सँग सम्बन्धित)

शारदा नगरपालिका

जलस्रोत समिति

खलगा, सल्यान

<u>जलस्रोत उपयोगको अनुमतिपत्र</u>

मितिः.................

श्री..............................,

.................................

महोशय,

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली शारदा नगरपालिकाको जलस्रोत नियमावली, २०७६ को नियम २० बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

१.. व्यक्ति वा संगठानिक संस्थाको नाम र ठेगाना :

२. जलस्रोत उपयोगको उद्देश्य :

३. जलस्रोतको नाम,किसिम र रहेको स्थान (चार किल्ला सहित) :

४. उपयोग गर्न पाउने जलस्रोतको परिणाम :

५. जलस्रोत उपयोगको क्षेत्र :

६. जलस्रोत उपयोग गर्न पाउने तरिका :

७.. प्रस्तावित परियोजनाबाट लाभान्वितहुने उपभोक्ताहरुको सख्या :

८. अनुमानित पत्र बहाल रहने अवधि

अनुमति पत्र दिने अधिकारीको

सहि

नामः

पदः

## अनुसूचि –७

(नियम २४ को उपनियम (२) सँग सम्बन्धित)

शारदा नगरपालिका, जलस्रोत समिति

खलगा , सल्यान

जलस्रोत उपयोगको अनुमतिपत्र

अनुमति पत्र संख्या::

मितिः...........

श्री...................................

......................................

महाशय,

तपाईलाई .............................मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरु खुलाइ जलस्रोत नियमावली, २०७६ को नियम २४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा ठेगाना :

२. जलस्रोत उपयोगसँग सम्बन्धित परियोजनाको नाम र किसिम : (प्रत्येक उपयोग संग सम्बन्धित)

३. जलस्रोतको नाम र रहेको स्थान :

४. जलस्रोतको उपयोग भएको स्थान :

५. जलस्रोत उपयोगभएको परिणाम :

प्रदेश............... जिल्ला...............वा नगरपालिका..............

६.. उपभोक्ता संख्या र त्यसको किसिमः

७.. सेवाउपलब्ध गराउन शरु गरेको मिति :

८. अनुमतिपत्र बहाल रहने अवधि :

९. अन्य शर्तहरु :

अनुमति पत्रदिने अधिकारीको

सही

नामः

पदः

# अनुसूची –८

(नियम १३ को उपनियम (२), नियम २६, र २७ को उपदफा (२) सँग सम्बन्धित)

अनुमतिपत्र दस्तुर

| जलस्रोत उपयोगको किसिम | दस्तर |
| --- | --- |
| क. खानेपानी र घरेलु उपयोग | रु.१०००।– |
| ख. सिंचाई | रु.२०००।– |
| ग. पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु.१५००।– |
| घ. घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु.२०००।– |
| ङ. आमोद प्रमोदजन्य उपयोग | रु.२५००।– |
| च. अन्य उपयोग | रु.३०००।– |

## अनुसूचि–९

(नियम ३६ (२) सँग सम्बन्धित )

जलस्रोत उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क

१.**सिचाईको हकमा**

| | |
|---|---|
| क. दुइ हजार हेक्टरसम्मको जमिन सिचाई गर्न प्रति हेक्टर रु. का दरले अधिकतम | रु.१०००।– |
| ख. दुइ हजार देखि पाँच हजार हेक्टर सम्मको जमिन सिचाई गर्न | रु.२०००। – |
| ग. पाँच हजार देखि दश हजार हेक्टर सम्मको जमिन सिचाई गर्न | रु.३०००। – |
| घ. दश हजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमिन सिचाई गर्न | रु.५०००। – |
| ङ. पन्ध्र हजार हेक्टर देखि माथिको हेक्टर सम्मको सिचाई गर्न | रु.८०००। – |

२.१ **खानेपानीको हकमा**

| | |
|---|---|
| क. एक हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.१०००।– |
| ख. एक हजार देखि दुई हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.१५००।– |
| ग. दुई हजार देखि पाँच हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.२०००।– |
| घ. पाँच हजार देखि दश हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.३०००।– |
| ङ. दश हजार देखि पन्ध्र हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.४०००।– |
| च. पन्ध्र हजार देखि बीस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.५०००।– |
| छ. बीस हजार देखि पच्चीस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.८०००।– |
| ज.पच्चीस हजार भन्दामाथीको सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.१००००।– |

२. कृषिजन्य उपभोगका लागि रु. २०००।– देखि रु.२० हजार सम्म पानीप्रयोगको परिमाणको आधारमा ।

३. घरेलु उद्योगको लागि रु .२०००।–देखि रु.२०००० सम्म पानीप्रयोगको परिमाणको आधारमा

४.औद्योगक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु. ५०००।– देखि रु. ५०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

५. अमोदप्रमाद जन्य प्रयोगका लागि रु. १०००।– देखि रु.१०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. अन्य प्रयोगका लागि रु. ५०००।– देखि रु.१०००० सम्म वार्षिक कारोबारका आधारमा ।

७. ३ महिना भित्र नविकरण गर्दा कुनै थप तथा हर्जना लाग्ने छैना ।

८. ३ महिना पश्चात १ बर्ष सम्म थप १० प्रतिशत हर्जना लाग्ने छ ।

९. १ बर्ष पछि थप २० प्रतिशतका दरले थप हर्जना जोडिदै जानेछ ।

## अनुसूचि –१०

(नियम ४८ सँग सम्बन्धित)

जग्गा उपभोग वा प्राप्तिका लागि दरखास्त

मिति :................

श्री अध्यक्ष ज्यु,

जलस्रोत समिति, शारदा नगरपालिका,

खलगां,सल्यान ।

महोदय,

जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शरु गर्नको लागि तपशिलमा उल्लेखित घरजग्गा उपयोग गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने भएकोले नियमअनुसार उपयोग गर्न पाउने गरी वा प्राप्त गराई पाउन यो दरखास्त पेश गरेको छु ।

तपशिल

१.आवश्यक जग्गाको चार किल्ला खुल्ने विवरण

२.जग्गाको स्वामित्व खुल्ने प्रमाण कागाजत तथा सम्बन्धित वडा कार्यालयको सिफारिस

३. जग्गाको उपयोग प्रयोजन खुल्ने कागजात

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको

तर्फबाट दरखास्त दिनेको

नाम,थरः

सहीः

पदः

ठेगानाः

## अनुसूचि –११

(नियम २८ सँग सम्बन्धित)

जलस्रोत उपभोग नविकरणको लागि दरखास्त फारम

मिति :................

श्री अध्यक्ष ज्यू ,

शारदा नगरपालिका, खलगां,सल्यान ।

जलस्रोतको उपयोगको नविकरण गर्न जलस्रोत नियमवालि २०७९ दफा ८ को उपदफ (१) बमोजिम देहायका विवरण समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१.उपभोक्त समिति वा संस्थाको नाम :

२.उपभोग गरिएको जलस्रोतको ठेगाना :

३. लाभान्वित घरधुरी संख्या :

४. लेखा परिक्षणको प्रतिवेदन को प्रतिलिपी १ थान

५. साधारण सभा वैठकको निर्णय को प्रतिलिपी १ थान

६. उपभोक्ता समितिको निर्णयको प्रतिलिपी थान १

माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानून बमोजिम सँहुला बुझाउला ।

संगठित संस्था/समिति सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगंठित संस्था/समितिको

तर्फबाट दरखास्त दिनेको

सही:

नाम,थर:

पद:

ठेगाना:

प्रमानिकरण मितिः २०७९/०६/१२

आज्ञाले

**(लिलाधर बबाल)**

नि.प्रमुख प्रशासकिय अधिकृत